सेक्रामेण्टो नेपालि सामुदायिक केन्द्र (Sacramento Nepali Community Center- SNCC) ।

बिसय: कार्यकारि सदस्य को उमेदवारी को लागि प्रतिबद्दता भनाइ ।

यस ग्रेटर स्याक्रेमेन्टो मा बसोबास गरिरहनुभएका सम्पुर्ण आदर्णिय आमा बुवा, दिदि बहिनि तथा दाजु भाइहरु मा मेरो सादर नमस्कार । यस संस्था को कार्यकारि सदस्य पद को उमेद्वारि को लागि यस संस्था र समुदाय प्रति मेरो प्रतिबद्धता सहित को भनाइ यसप्रकार उल्लेख गरेको छु :

१, संस्थाको विधान, नियमावली तथा निर्णयहरूलाई सम्मान का साथ पालना गर्नेछु।

२, संस्थाको उद्देस्यानुसार संस्था र समुदाय को हित, उन्नति तथा प्रतिष्ठा वृद्धिका लागि इमानदार, पारदर्शी र सक्रिय रूपमा योगदान गर्ने छु ।

३, समुदाय र संस्था मा कुनै पनि किसिमको विभाजनकारी, अनुशासनहीन वा संस्थाको साथै समुदाय को हीत र मर्यादा विपरीत गतिविधि वा कार्य म आफु गर्ने छैन र अरु लाइ पनि त्यस्तो कार्य गर्न नदिन का लागि सहजिकरण को भुमिका निर्बाह गर्नेछु ।

४, संस्था को निर्णय अनुसार आयोजना गरिने कार्यक्रम, बैठक तथा सामाजिक सेवासम्बन्धी कार्यहरूमा सकभर नियमित रुपमा सहभागी हुनेछु र आफ्नो जिम्मेवारि अनुसार कार्य गर्ने छु ।

५, समुदाय र संस्थाका सबै सदस्यहरूसँग सौहार्द, सम्मान र सहयोगको शुभ-भावना राखी सामाजिक, सांस्कृतिक र संस्थागत बिकास को लागि योगदान गर्नेछु ।

६, आर्थिक वा अन्य कुनै जिम्मेवारी संस्थाले जिम्मेवारि दिए अनुसार समयमै पूरा गर्नेछु ।

७, सामाजिक न्याय, समानता, पारदर्शिता र उत्तरदायित्व को सिद्धान्तहरूको पालना गर्दै समुदाय र संस्था को काम मा कटिबद्द रहनेछु ।

यसका अतिरिक्त , यस संस्था लाइ क्यालिफोर्निया मा नै हामि नेपालि हरु को मौलिक सामाजिक - सांस्कृतिक सिकाइ केन्द्र को रुप मा स्थापित गर्नु पर्छ भन्ने मेरो धारणा रहेको छ र यसको निमित्त संस्था र समुदाय मा सहजिकरण को भुमिका रहनेछ ।

अन्त्यमा, उपरोक्त मेराइ प्रबद्धता का भनाइ हरु पुरा गर्न र यस संस्था लाइ एउटा नमुना सामुदायिक संस्था बनाउन को लागि म हजुर हरु को प्रतिनिधि को रुप मा काम गर्न तत्पर छु भनि प्रतिबद्धता ब्यक्त गर्न चहान्छु ।

हामि सबै को जय होस ।।

**बिनम्रता का साथ**

राजेन्द्र अधिकारि ,

कार्यकारि सदस्य को उमेद्वार ,

नटोमस , स्याक्रेमेन्टो ।